रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ रामग्राम, फाल्गुन २६ गते, २०८१ साल संख्या ६

भाग - २

## रामग्राम नगरपालिकाको प्राइभेट फर्म दर्ता कार्यविधि, २०७७ (पहिलो संशोधन)

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।११।०७
पहिलो संशोधन मितिः २०८१।९।१९

**प्रस्तावनाः** रामग्राम नगरपालिकाले प्राइभेट फर्म दर्ता कार्यविधि, २०७७ लाई संसोधन गर्न वाञ्छनिय भएकोले, प्राइभेट फर्म दर्ता कार्यविधि, २०७७ को दफा १६ ले दिएको अधिकार प्रयोग गरि रामग्राम नगरपालिकाले देहायका दफा थप गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यी कार्यविधिको नाम : रामग्राम नगरपालिकाको प्राइभेट फर्म दर्ता कार्यविधि, २०७७ (पहिलो संसोधन) रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनछ ।

**२. प्राइभेट फर्म दर्ता कार्यविधि, २०७७ को दफा** (७) **मा थप** :

(१) दफा (७) को उप दफा (५) पछि देहायको उप दफा (६) थप गरिएको : (१) यो दफा प्रारम्भ हुनु अघि कुनै कारणबस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्म भए जतिसुकै अवधि ब्यतित भएको भएतापति एक पटकका लागि यो कार्यविधि प्रारम्भ भएको मितिले २०८२ असाढ मसान्त सम्ममा लाग्ने दस्तुरको ७५ प्रतिशत छुट दिई अध्यावधिक गरि नवीकरण गरिने छ ।

प्रमाणीकरण मिति : २०८१/११/२६

आज्ञाले
यम बहादुर कुँवर
प्रमुख प्रशासकीय अधिकृत